१. कृषि विकास मन्त्रालयका विभिन्न निकायबाट प्रदान गरिने अनुदानलाई पारदर्शी, प्रभाकारी र व्यवस्थित बनाउने सन्दर्भमा अनुदानसँग सम्बन्धित सम्पूर्ण जानकारी Website मा राख्न, नियमित रुपमा ॲपडेट गर्न, प्रत्येक वर्ष कृषि ॲनुदान सम्बन्धी कायभक्रम, योजना र बजेट तथा वितरण प्रकृयाको सम्पूर्ण जानकारी सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरु स्थानीय निकायका प्रतिनिधिहरुसँग समन्वय र छलफल गरी सम्बन्धित सबैलाई उपलब्ध गराउन, थिानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्न र सूचना सार्वजनिक रुपमा टास्न यस यस समितिले विगतमा दिएको निर्देशनलाई पुनः स्मरण गराउँदै लागू नभएका जिल्लाहरुमा समेत लागू गरर ती विषयलाई प्रभावकारी कार्यान्वयन गर्न कृषि बिकास मन्त्रालय र पर्शुपंछी बिकास मन्त्रालयलाई निर्देशन दिने।

२. कृषि विकास मन्त्रालय र पशुपंछि विकास मन्त्रालयबाट वितरण गरिने अनुदानलाई पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाउनका लागि अनुदान वितरण गर्ने सम्बन्धमा कुनै पनि क्षेत्रमा ॲनुदान वितरण गर्नुको औचित्य, वितरणको आधार, अनुदानको प्रभाव, वितरण गर्ने तरिका र ॲनुदानबाट अपेक्षित उपलब्धी आदि सबै विषयलाई समेटेर एकिकृत अनुदान निर्देशिका निर्माणका लागि राष्ट्रिय योजना अयोग र अर्थ मन्त्रालयसंग समेत समन्वय गरी यसै आर्थिक वर्ष भित्र एकीकृत ॲनुदान एकिकृत अनुदान निर्देशिका तर्जुमा गर्न कृषि विकास मन्त्रालय र पशुपंछि विकास मन्त्रालयलाई निर्देशन दिने।

३. विगतमा प्रदान गररएका ॲनुदानको ॲनुगमन मूल्याङ्कन परिपाटी प्रभावकारी र व्यवस्थित हुन नसकेको अवस्था स्वयं मन्त्रालयले समेत स्वीकर गरेको अवस्थामा अगामी आगामी आर्थिक वर्षको बजेट कार्यक्रम तर्जुमा गर्दा प्रभावकारी मूल्याङ्कनका लागि आवश्यक ध्यान दिन र परिणाम र उपलब्धिलाई समेत मध्यनजर गरेर कार्यक्रम राख्न कृषि षविकास मन्त्रालय र पर्शुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने।

४.		क.	युवाहरूलाई कृषि कर्जामा प्रदान गरिने ब्याज ॲनुदान सम्बन्धमा अजको बैठकमा सम्बन्धित निकायहरुसँग जानकारी लिँदा हालसम्मको प्रगति र प्रयास अत्यन्त निराशाजनक देखिन्छ। कार्यविधिमा नै नेपाल राष्ट्र बैंकको नतृत्वमा रहेको समन्वय तथा अनुगमन समितिको प्रत्येक तीन महिनामा न्यूनतम एउटा बैठक बस्नै पर्ने उल्लेख हुँदा हुँदै सो ॲनुरुप बैठक समेत बसेको देखिएन । कार्यविधिमा उल्लेख भएॲनुरुप नियमित बैठक बसी छलफल गर्न र त्रैमासिक रुपमा समितिमा कार्यान्वयन प्रगति प्रतिवेदन पेश गर्न निर्देशन दिने।

ख.	अजको बैठकमा छलफल गर्दा कार्यविधिमा रहेका केही प्रवधानले ऋण वितरणमा अफ्ठ्यारो परेको भन्ने कुरा समेत विभिन्न निकायबाट अएको सन्दर्भमा, ॲनुदानको क्षेत्र विस्तार, पररयोजनालाई नै धितो मन्ने विषय र हाल व्यवसाय संचालन गरेकाले समेत व्यवसाय विस्तारका लागि कर्जा लिन पाउने लगायतका अज उठेका विषयलाई समेत ध्यान दिंदै कृषि विकास मन्त्रालय, पशुपछि विकास मन्त्रालय, नेपाल राष्ट्र बैंक लगायतका सरोकार वाल निकायसँग समन्वय गरेर कार्यविधिको आवश्यक संशोधन गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने।

५. समितिको मिति २०७२।९।२ को निर्णयानुसार पश्चिम सेती जलविद्युत अयोजनाको स्थलगत ॲध्ययन गर्न गठित उपसमितिका संयोजक मा० निर्मल प्रकाश सुवेदीले उपसमितिको स्थलगत अध्ययन प्रतिवेदन समितका सभापति समक्ष प्रस्तुत गर्नु भयो।पेश भएको प्रतिवेददाई लगानीबोर्ड लगायतका सम्बन्धित निकायहरुलाई समेत बोलाई छलफल गर्ने निर्णय भयो ।

व्यवस्थापिका-संसद

कृषि तथा जलस्रोत समिति

वैठक संख्याः ७५

मितिः २०७२ चैत १८

समयः ८:३० वजे

व्यवस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको बैठक समितिमा सभापति माननीय गगनकुमार थापाको सभापतित्वमा बस्यो ।

आजको बैठकमा निम्न लिखित मा० सदस्यहरुको उपस्थिति रह्यो ।

सदस्यहरुः

| | | |
|---|---|---|
| १८ | मा० गगनकुमार थापा | |
| १८ | मा० अमृतकुमार बोहरा | × |
| १८ | मा० आशा यादव | × |
| १८ | मा० कमलप्रसाद पंगेनी | × |
| १८ | मा० काशीनाथ अधिकारी | × |
| १९ | मा० किरण यादव | × |
| १९ | मा० केशव थापा | × |
| १९ | मा० कृष्ण धिताल | × |
| १९ | मा० गीता सिंह | × |
| १९ | मा० गंगादेवी डागी | × |
| १९ | मा० चन्द्रवहादुर कुँवर | × |
| १९ | मा० छेवाङ्ग तेन्जेन तमाङ | × |
| १९ | मा० जमिन्द्रमान घले | × |

| | | |
|---|---|---|
| १९ | मा० जंगिलाल राय | × |
| १९ | मा० डम्बरध्वज तुम्बाहाम्फे | × |
| २० | मा० डिल्लीप्रसाद काफ्ले | |
| २० | मा० तप्तबहादुर विष्ट | × |
| २० | मा० ताराकान्त चौधरी | × |
| २० | मा० दिनेशप्रसाद परसैला यादव | × |
| २० | मा० धानो महरा | × |
| २० | मा० ध्रुव वाग्ले | × |
| २० | मा० नबराज शर्मा | |
| २० | मा० नरेन्द्रसाह कलवार | × |
| २० | मा० निर्मलप्रकाश सुवेदी | |
| २० | मा० पुनाराम थापा | × |
| २१ | मा० पुष्करनाथ ओझा | × |
| २१ | मा० बलराम अधिकारी | |
| २१ | मा० भवानीप्रसाद खापुङ्ग | × |
| २१ | मा० मानवहादुर थारु | × |
| २१ | मा० राजु खनाल | |
| २१ | मा० रामअवतार पासमान | |
| २१ | मा० रामेश्वरप्रसाद ढुङ्गेल | |
| २१ | मा० रेशमबहादुर बानिया | × |
| २१ | मा० लक्ष्मीकुमारी चौधरी | |

| | | |
|---|---|---|
| २१९ | मा० लक्ष्मीप्रसाद पोखरेल | × |
| २२० | मा० विक्रम खनाल | |
| २२१ | मा० बिमलेन्द्र निधि | × |
| २२२ | मा० बेदमाया भण्डारी (शाक्य) | × |
| २२३ | मा० शारदाकुमारी विश्वकर्मा | × |
| २२४ | मा० शिवकुमार मण्डल केवट | |
| २२५ | मा० शिवचन्द्र चौधरी | × |
| २२६ | मा० सीता नेपाली | |
| २२७ | मा० सुधिरकुमार सिवाकोटी | |
| २२८ | मा० सुमित्रा थरुनी | × |
| २२९ | मा० सुरेन्द्रप्रसाद यादव | × |
| २३० | मा० ज्ञानेन्द्रबहादुर कार्की | × |

| क्र.स. | पदेन सदस्यहरु | उपस्थिति |
|---|---|---|
| २५ | सम्माननीय के.पी. शर्मा वली, प्रधानमन्त्री | × |
| २६ | माननीय टोपबहादुर रायमाझी, उपप्रधानमन्त्री तथा ऊर्जा मन्त्री | × |
| २७ | माननीय हरिवोलप्रसाद गजुरेल, कृषि विकास मन्त्री | × |
| २८ | माननीय उमेश यादव, सिँचाई मन्त्री | × |
| २९ | माननीय रामकुमार सुब्बा, भूमिसुधार तथा व्यवस्था मन्त्री | × |
| ३० | माननीय शान्ता मानवी, पशुपंक्षी विकास मन्त्री | |
| ३१. | माननीय नरदेवी पुन मगर, पशुपंछी विकास राज्यमन्त्री | |

| | | |
|---|---|---|
| ३२ | माननीय मेघराज नेपाली निषाद उद्योग राज्य मन्त्री | |
| | आमन्त्रित | |
| ३० | डा० केशवप्रसाद प्रेमी महानिर्देशक पशुसेवा विभाग | |
| ३१ | बाबुकाजी पन्त राष्ट्रिय दुग्ध विकास वोर्ड | |
| ३२ | डा० बिमलकुमार निर्मल कार्यक्रम निर्देशक पशु उत्पादन निर्देशनालय | |
| ३३ | देवेन्द्रप्रसाद यादव कार्यकम्रम निर्देशक पशु पंक्षी बजार | |
| ३४ | डा० विजयचन्द्र झा कार्यक्रम निर्देशक प.स्वा.नि. | |
| ३५ | केशब अच्छामी कार्यक्रम निर्देशक | |
| ३६ | गंगातिमसिना महाप्रबन्धक दुग्ध विकास संस्थान | |
| ३७ | सुरेशमान श्रेष्ठ सदस्य सचिव रा.योजना आयोग | |
| ३८ | डा० कृष्णचन्द्र पौडेल सचिव पशु पन्छी | |
| ३९ | श्यामप्रसाद पौडेल | |
| ४० | डा० प्रदीपचन्द्र भट्टराई वरिष्ठ पशु विकास अधिकृत | |
| ४१ | टेकबहादुर ऐर पशुपन्छी विकास मन्त्रालय | |

व्यवस्थापिका–संसद, कृषि तथा जलस्रोत समितिको बैठकमा पशुपंछी विकास मन्त्रालयको गठन भएपछि यस आर्थिक वर्षका लागि निर्धारित कार्यक्रम, बजेट, मन्त्रालयद्वारा तयार गरिएको प्रतिबद्धतापत्र तथा आगामी आर्थिक वर्षको लागि मन्त्रालयबाट तयार गरिने कार्यक्रम तथा बजेट सम्बन्धमा छलफल गर्न आज मिति २०७२।१२।१८ गते समितिका सभापति माननीय श्री गगनकुमार थापाको सभापतित्वमा बस्यो।

निर्णयः

१. नयाँ संविधानले मन्त्रालयहरूको संख्या बढीमा २५ को परिकल्पना गरेको अवस्था, प्रशासन सुधार आयोगले मन्त्रालय संख्या घटाउन दिएको सुझाव र यस समितिले समेत कार्यक्षेत्र मिल्ने निकायहरू एउटै बनाउँदा काम कारबाहीमा प्रभावकारी हुने सुझाव विगतमा दिएको सन्दर्भमा नयाँ संविधान जारी गरे पश्चात नेपाल सरकारले पशुपंछी विकास मन्त्रालयको गठन गरेको बिषयलाई आजको बैठकमा माननीय सदस्यहरूले गम्भीर रुपमा उठाउनुभयो । के कति कारणले नयाँ मन्त्रालय गठन गर्नु पर्ने अवस्था आयो सो को

सैद्धान्तिक आधार र औचित्यका बारेमा समितिलाई जानकारी गराउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिने ।

२. पशुपंछी विकास मन्त्रालय गठन पश्चात मन्त्रालयको कार्यक्षेत्र, स्रोत, साधन लगायतका विषयमा अझै पनि कृषि मन्त्रालयसँग समन्वय र सहकार्य सहज रुपमा हुन नसकेको र सहजीकरणका निम्ति पशुपंछी विकास मन्त्रालयको तर्फवाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा ध्यानाकर्षण गराए पनि अझै समाधान हुन नसकेको भन्ने पशुपंछी मन्त्रालयबाट आज बैठकमा जानकारी प्राप्त भएको छ । कृषि विकास मन्त्रालय र पशुपंछी विकास मन्त्रालयबीच समन्वय र सहजीकरण नहुँदा मन्त्रालयका काम कारबाही समेत प्रभावित भएको तर्फ समितिको ध्यानाकर्षण भएको छ । अतः दुई मन्त्रालयबीच समन्वय र सहजीकरणका लागि आवश्यक तदारुकता र पहल गर्न सम्माननीय प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराउने ।

३. पशुपंछी विकास मन्त्रालय गठन पश्चात मन्त्रालयले सार्वजनिक गरेको ४० बुँदे प्रतिबद्धतामा उल्लिखित कार्ययोजनालाई परिणाममुखी बनाउन मन्त्रालय र अन्तर्गतका निकायले उक्त प्रतिबद्धताका प्रत्येक बुँदाको मासिक कार्यतालिका सहितको कार्यक्रम तयार गरी सोको कार्यान्वयन गर्न, अनुगमन तथा मुल्याङ्कन नीति तर्जुमा गर्न र सोको विस्तृत प्रगति प्रतिवेदन प्रत्येक महिना यस समितिमा पेश गर्न पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने ।

४. पशुपंछी विकास मन्त्रालय नवगठित मन्त्रालय भएको, कृषि विकास रणनीति कार्यान्वयनको एक महत्वपूर्ण हिस्सेदारको रुपमा यस मन्त्रालयले रणनीति अनुकुल हुने गरी कार्यक्रम तर्जुमा गर्नु पर्ने आवश्यकता, मन्त्रालयको लक्ष्य, प्रस्तावित कार्यक्रम र प्रतिबद्धता एवं राष्ट्रिय आवश्यकतालाई समेत मध्यनजर गर्दै र समितिले विगतमा पशुपंछी विकाससँग सम्बन्धित विषयमा दिएका सुझाव र निर्देशनहरू एवं राष्ट्रिय योजना आयोगले आगामी आर्थिकको बजेट तथा कार्यक्रम तय गर्न मन्त्रालयलाई प्रदान गरेका १४ बुँदे मार्गदर्शनलाई समेत ध्यान दिँदा चालू आर्थिक वर्षको बजेटमा १० प्रतिशत थप गर्न सक्ने नियमित प्रचलनले मात्रै आगामी आर्थिक वर्षमा मन्त्रालयका कार्यक्रमहरू प्रभावकारी बन्न सक्ने आधार देखिँदैन । अतः पशुपंछी विकास मन्त्रालयका लागि चालू आर्थिक बर्षको भन्दा कम्तिमा पनि दोब्बर हुने गरी बजेट विनियोजन व्यवस्थाका लागि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई ध्यानाकर्षण गराउने ।

५.अनुदान सम्बन्धमाः

अनुदानका सन्दर्भमा मिति २०७२ चैत्र १४ गतेको बैठकले दिएका निम्न बमोजिमका निर्देशनलाई पुनः स्मरण गराउँदै,

१. कृषि विकास मन्त्रालयका विभिन्न निकायबाट प्रदान गरिने अनुदानलाई पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाउने सन्दर्भमा अनुदानसँग सम्बन्धित सम्पूर्ण जानकारी Website मा राख्न, नियमित रुपमा अपडेट गर्न, प्रत्येक वर्ष कृषि अनुदान सम्बन्धी कार्यक्रम, योजना र बजेट तथा वितरण प्रक्रियाको सम्पूर्ण जानकारी सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरू र स्थानीय निकायका प्रतिनिधिहरुसँग समन्वय र

छलफल गरी सम्बन्धित सबैलाई उपलब्ध गराउन, स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्न र सूचना सार्वजनिक रुपमा टाँस्न यस समितिले विगतमा दिएको निर्देशनलाई पुनः स्मरण गराउँदै लागू नभएका जिल्लामा समेत लागू गरी ती विषयलाई प्रभावकारी कार्यान्वयन गर्न कृषि विकास मन्त्रालय र पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने । (निर्णय नं १/२०७२ चैत्र १४)

२. कृषि विकास मन्त्रालय र पशुपंछी विकास मन्त्रालयबाट वितरण गर्ने अनुदानलाई पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाउनका लागि अनुदान वितरण गर्ने सन्दर्भमा कुनै पनि क्षेत्रमा अनुदान वितरण गर्नुको औचित्य, वितरणको आधार, अनुदानको प्रभाव, वितरण गर्ने तरिका र अनुदानबाट अपेक्षित उपलब्धि आदि सबै विषयलाई समेटेर एकीकृत अनुदान निर्देशिका निर्माणका लागि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग समेत समन्वय गरी यसै आर्थिक वर्षभित्र एकीकृत अनुदान निर्देशिका तर्जुमा गर्न कृषि विकास मन्त्रालय र पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने । (निर्णय नं २/२०७२ चैत्र १४)

३. विगतमा प्रदान गरिएका अनुदानको अनुगमन मूल्याङ्कन परिपाटी प्रभावकारी र व्यवस्थित हुन नसकेको अवस्था स्वयं मन्त्रालयले समेत स्वीकार गरेको अवस्थामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रभावकारी अनुगमन मूल्याङ्कनका लागि आवश्यक ध्यान दिन र परिणाम र उपलब्धिलाई समेत मध्यनजर गरेर कार्यक्रम राख्न कृषि विकास मन्त्रालय र पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने । ।(निर्णय नं ३/२०७२ चैत्र १४)

अनुदानको सन्दर्भमा आजको वैठक पशुपंछी विकास मन्त्रालयलाई निम्न थप निर्देशन दिने निर्णय गर्दछः-

५.१. पशुपंछी विकास मन्त्रालयवाट पशुपंछीमा प्रदान गरिने अनुदानलाई अनिवार्य रुपमा विमासँग आबद्ध गर्न निर्देशन दिने ।

५.२. अनुदान कार्यक्रम कार्यन्वयन अनुगमन गर्दा सम्बन्धित जिल्लाका जनप्रतिनिधि (सांसद) लाई अनिवार्य संलग्न गराउन निर्देशन दिने ।

६. चालू आर्थिक वर्षको कार्यक्रमका सन्दर्भमाः

चालु आर्थिक वर्षमा स्वीकृत कार्यक्रमहरूको सन्दर्भमा आजको वैठकमा पशूपंछी विकास मन्त्रालयले प्रस्तुत गरेको कार्य-प्रगति अत्यन्त न्युन रहेको विषयप्रति समिति चिन्ता व्यक्त गर्दछ । दुग्ध मेशीन, गाई वितरण लगायतका अनुदान कार्यक्रम तथा मासु बधशाला, चिस्यान केन्द्र निर्माण, चिलिङ भ्यानको व्यवस्था लगायतका यस आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रमहरू जेठ मसान्तभित्र सम्पन्न गरिसक्ने गरी आजको बैठकमा मन्त्रालयले जनाएको प्रतिबद्धता अनुरुप कार्यक्रम कार्यान्वयनको कार्यतालिका समितिमा पेश गर्न पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने ।

७. दुध सम्बन्धमाः

दुध उत्पादन, प्रशोधन, भण्डारण, वितरण र बजारीकरण लगायतका कार्यहरू व्यवस्थित र प्रभावकारी हुन नसक्दा विगतमा कतै दुध अपुग त कतै मिल्क होलिडे मनाउनु परेको अवस्था आगामी दिनमा नआओस्

भन्नका लागि आवश्यक कार्ययोजना ७ दिनभित्र समितिमा पेश गर्न पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने ।

८. मासु सम्बन्धमाः

आम जनताको उच्चतम हित हुने गरी स्वस्थ र स्वच्छ मासु उत्पादनको सुनिश्चितताका लागि पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयन गर्न पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने ।

९. मासु तथा दुधजन्य पदार्थहरूमा के-के को निर्यातको सम्भावना छ, यो क्षेत्रमा नयाँ उत्पादन र बजारको सम्भावना के-के मा हुन सक्छ सोको पहिचान गर्न, साथै मुल्य श्रृङ्खलामा आधारित उद्योग प्रबर्धन गर्नका लागि कुन-कुन उत्पादनमा जोड दिनु पर्ने अवस्था छ, यी सबै विषयमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने ।

१०.विनाशकारी भूकम्प पश्चात प्रभावित जिल्लाहरूमा सञ्चालित पशुपंछीसँग सम्बन्धित कार्यक्रमको कार्यान्वयनको अवस्थाको जानकारी समितिलाई गराउन पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिंदै समिति स्वयंले पनि भूकम्प प्रभावित जिल्लाको अवस्था बारे स्थलगत अध्ययन गर्ने निर्णय गर्दछ ।

व्यवस्थापिका-संसद

कृषि तथा जलस्रोत समिति

बैठक संख्याः ७६

मितिः २०७२ चैत १९

समयः ८:३० वजे

व्यवस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको बैठक समितिमा सभापति माननीय गगनकुमार थापाको सभापतित्वमा बस्यो ।

आजको बैठकमा निम्न लिखित मा० सदस्यहरुको उपस्थिति रह्यो ।

सदस्यहरुः

| | | |
|---|---|---|
| २३ | मा० गगनकुमार थापा | |
| २३ | मा० अमृतकुमार बोहरा | × |
| २३ | मा० आशा यादव | × |
| २३ | मा० कमलप्रसाद पंगेनी | × |
| २३ | मा० काशीनाथ अधिकारी | |
| २३ | मा० किरण यादव | × |
| २३ | मा० केशव थापा | × |
| २३ | मा० कृष्ण धिताल | × |
| २३ | मा० गीता सिंह | × |
| २४ | मा० गंगादेवी डागी | |
| २४ | मा० चन्द्रवहादुर कुँवर | × |
| २४ | मा० छेवाङ्ग तेन्जेन तमाङ | |
| २४ | मा० जमिन्द्रमान घले | × |

| | | |
|---|---|---|
| २४ | मा० जंगिलाल राय | × |
| २४ | मा० डम्बरध्वज तुम्बाहाम्फे | × |
| २४ | मा० डिल्लीप्रसाद काफ्ले | × |
| २४ | मा० तप्तबहादुर विष्ट | |
| २४ | मा० ताराकान्त चौधरी | × |
| २४ | मा० दिनेशप्रसाद परसैला यादव | × |
| २५ | मा० धानो महरा | × |
| २५ | मा० ध्रुव वाग्ले | × |
| २५ | मा० नबराज शर्मा | × |
| २५ | मा० नरेन्द्रसाह कलवार | × |
| २५ | मा० निर्मलप्रकाश सुवेदी | |
| २५ | मा० पुनाराम थापा | × |
| २५ | मा० पुष्करनाथ ओझा | × |
| २५ | मा० बलराम अधिकारी | |
| २५ | मा० भवानीप्रसाद खापुङ्ग | × |
| २५ | मा० मानवहादुर थारु | |
| २६ | मा० राजु खनाल | |
| २६ | मा० रामअवतार पासमान | |
| २६ | मा० रामेश्वरप्रसाद ढुङ्गेल | |
| २६ | मा० रेशमबहादुर बानिया | × |
| २६ | मा० लक्ष्मीकुमारी चौधरी | |

| | | |
|---|---|---|
| २६५ | मा० लक्ष्मीप्रसाद पोखरेल | × |
| २६६ | मा० विक्रम खनाल | |
| २६७ | मा० बिमलेन्द्र निधि | × |
| २६८ | मा० बेदमाया भण्डारी (शाक्य) | |
| २६९ | मा० शारदाकुमारी विश्वकर्मा | × |
| २७० | मा० शिवकुमार मण्डल केवट | |
| २७१ | मा० शिवचन्द्र चौधरी | |
| २७२ | मा० सीता नेपाली | |
| २७३ | मा० सुधिरकुमार सिवाकोटी | |
| २७४ | मा० सुमित्रा थरुनी | × |
| २७५ | मा० सुरेन्द्रप्रसाद यादव | |
| २७६ | मा० ज्ञानेन्द्रबहादुर कार्की | |

| क्र.स. | पदेन सदस्यहरु | उपस्थिति |
|---|---|---|
| ३३. | सम्माननीय के.पी. शर्मा वली, प्रधानमन्त्री | × |
| ३४ | माननीय टोपबहादुर रायमाझी, उपप्रधानमन्त्री तथा ऊर्जा मन्त्री | × |
| ३५ | माननीय हरिवोलप्रसाद गजुरेल, कृषि विकास मन्त्री | |
| ३६. | माननीय उमेश यादव, सिँचाई मन्त्री | |
| ३७ | माननीय रामकुमार सुब्बा, भूमिसुधार तथा व्यवस्था मन्त्री | × |
| ३८ | माननीय शान्ता मानवी, पशुपंक्षी विकास मन्त्री | × |
| ३९ | माननीय नरदेवी पुन मगर, पशुपंछी विकास राज्यमन्त्री | × |

| | | |
|---|---|---|
| ४० | माननीय मेघराज नेपाली निषाद उद्योग राज्य मन्त्री | |
| | आमन्त्रित | |
| ४२ | अनुपकुमार उपाध्याय सचिव सिंचाई मन्त्रालय | |
| ४३ | देवराज निरौला संयोजक NITP | |
| ४४ | सुरेशमान श्रेष्ठ सचिव राष्ट्रिय योजना आयोग | |
| ४५ | कृष्णप्रसाद उप्रेती | |
| ४६ | प्रदिपकुमार मानन्धर सिडिइ जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग | |
| ४७ | अशोक सिँह उपमहानिर्देशक सिचाइ मन्त्रालय | |
| ४८ | कृष्ण बेलबासे जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग | |
| ४९ | सागरकुमार राई सहसचिव | |
| ५० | जगतप्रसाद जोशी कार्यकारी निर्देशक भु.ज.वि.स. | |
| ५१ | निरञ्जन देव पाण्डे जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग | |
| ५२ | माधव बेलबासे सहसचिव सिँचाइ मन्त्रालय | |
| ५३ | रामानन्दप्रसाद यादव महानिर्देशक | |

समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा सिँचाई मन्त्रालयका कार्यक्रमहरुको प्रगति विवरण तथा आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तथा समितिले विगतमा सिँचाई मन्त्रालयलाई दिएका निर्देशन सम्वन्धमा छलफल हुँदा देहाय बमोजिम निर्णय भयोः–

निर्णय

१. एकीकृत जलस्रोत ऐन सम्बन्धमाः

जलस्रोतको एकीकृत विकास र उच्चतम उपयोग गर्ने नीति अनुरुप नेपाल सरकारले सन् २००२ मा राष्ट्रिय जलस्रोत रणनीति र सन् २००५ मा राष्ट्रिय जलस्रोत योजना तर्जुमा गरेको विदित नै छ । जलस्रोत सम्बन्धी कानून र संरचनागत एकरुपताका लागि यस समितिले विगतमा सरकारको ध्यानाकर्षण गराउँदै मिति २०७२।४।१० मा बसेको बैठकले “जलस्रोतको उच्चतम, बहुपक्षीय र प्रभावकारी उपयोग गर्ने उद्देश्य पूरा गर्ने गरी आवश्यक एकीकृत जलस्रोत ऐन तर्जुमा गर्न” सरकारलाई निर्देशन दिँदै यसमा विशेष पहल गर्न

सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराएको थियो । समितिको उक्त निर्णयलाई पुनःस्मरण गराउँदै समितिको आजको बैठक जलस्रोतको बहुपक्षीय, अधिकतम प्रभावकारी र दीगो उपयोग तथा व्यवस्थापन गर्न यस सम्बन्धी एकीकृत कानून तर्जुमा गर्ने सन्दर्भमा के कति प्रगति भयो सोको विवरण समितिमा पेश गर्न र तीन महिनाभित्र जलस्रोत सम्बन्धी एकीकृत ऐन तर्जुमा गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।

२. भूमिगत जल सिँचाइको व्यवस्था सम्बन्धमाः

हरेक वर्ष सिँचाइको अभावका कारण विशेषतः तराईका जिल्लामा धान रोपाइ न्यून हुन गएको अवस्थालाई मध्यनजर गरी सुख्खाग्रस्त अवस्था नआओस् भन्नका लागि यस समितिले मिति २०७२ साउन २५ गते दिएको निर्देशनलाई पुनःस्मरण गराउँदै समितिको आजको बैठक भूमिगत जल सिँचाइको व्यवस्था गर्ने सन्दर्भमा सिँचाइ मन्त्रालयलाई निम्नानुसारको निर्देशन गर्दछः–

क. तराई तथा भित्री मधेशका जिल्लाहरुमा जहाँ भूमिगत जलस्रोतको प्रचूर सम्भावना रहेको छ र सतह सिँचाइको अभाव रहेको छ, त्यस्ता जिल्ला र स्थानहरुमा सिँचाइ विकासको निमित्त भूमिगत जलस्रोतको उपयोगलाई प्राथमिकता साथ अगाडि बढाउने ।

ख. प्रस्तावित सम्मृद्ध तराई मधेश सिँचाइ विकास कार्यक्रम अन्तर्गत निर्माण हुने डीप ट्यूबवेल सिँचाइ कार्यलाई विशेषगरी विद्युत लाईनको व्यवस्था (Electricity Grid Line_) भएका क्षेत्रहरुमा अथवा सोलार प्यानल जडान गरी यस वर्ष कम्तिमा एउटा "नमूना सिँचित क्षेत्र" (Model of Irrigated Area) को रुपमा विकास गर्ने व्यवस्था गर्ने ।

ग. स्यालो ट्यूबवेल सिँचाइ कार्यलाई व्यवस्थित, व्यापक र प्रभावकारी बनाउँदै प्रस्तावित समृद्ध तराई मधेश विकास कार्यक्रम अन्तर्गत विशेषगरी विद्युत लाईनको व्यवस्था (Electricity Grid Line) भएका क्षेत्रहरुमा अथवा सोलार प्यानल जडान गीर कम्तिमा एउटा "नमूना सिंचित क्षेत्र (Model of Irrigated Area)" को रुपमा विकास गर्ने कार्यक्रम थप गर्ने ।

३. सतह सिँचाइ आयोजनाका सन्दर्भमाः

हाल निर्माण प्रक्रियामा रहेका राष्ट्रिय गौरवका सिँचाइ आयोजनाहरू (बबई सिँचाइ आयोजना, सिक्टा सिँचाइ आयोजना, रानी-जमरा-कुलरिया सिँचाइ आयोजना, भेरी बबई डाईभर्सन आयोजना) र अन्य सिँचाई आयोजना तथा कार्यक्रमहरू (प्रगन्ना तथा बडकापथ सिँचाइ आयोजना, वागमती सिँचाइ आयोजना, सुनसरी-मोरङ्ग सिँचाइ आयोजना, महाकाली सिँचाइ आयोजना, सुर्खेत उपत्यका सिँचाइ आयोजना, दरौंदी-पालुङ्गटार सिँचाइ (नदी नियन्त्रण) आयोजना, सिँचाई पुनरुस्थापन आयोजना) लाई आयोजना निर्माणमा देखिएका समस्या सम्बोधन गर्न अन्य निकायसँग समेत समन्वय गरी समयतालिका सहितको कार्ययोजना निर्माण गरी द्रूततर गतिमा अगाडि बढाउन निर्देशन दिने ।

४. चालू आर्थिक वर्षको प्रगति विवरण सम्बन्धमाः

सिँचाई मन्त्रालयले आजको बैठकमा प्रस्तुत गरेको चालू आर्थिक वर्षको प्रगति विवरण सन्दर्भमा छलफल भयो । चालू आ.व.को प्रगति विवरण हेर्दा मन्त्रालयले आफैंले तय गरेको लक्ष्य अनुरुप पनि प्रगति अवस्था सन्तोषजनक देखिएन । अत लक्ष्य अनुरुप काम सम्पन्न गर्न विशेष तदारुकताका साथ लाग्न, प्रत्येक कार्यक्रम र आयोजनाको कार्यान्वयन कार्यतालिका निर्माण गरी, सोको प्रभावकारी अनुगमन गर्न र प्रगति प्रतिवेदन समितिमा पेश गर्न सिँचाइ मन्त्रालयलाई निर्देशन दिने ।

५. प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमाः

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम बनाउँदा कृषि विकास रणनीतिको अनुकूल हुने गरी विशेष ध्यान दिन, यस समितिले विगतमा दिएका निर्देशनलाई समेत मध्यनजर गर्न र प्रस्तावित बजेट तथा कार्यक्रममा आजको बैठकमा माननीय सदस्यहरूद्वारा राखिएका निम्नलिखित सुझावहरूलाई समेत समावेश गरी कार्यक्रम र बजेट परिमार्जन गर्न निर्देशन दिनेः–

- सिँचाई अनुसन्धान केन्द्रको स्थापना,
- पुराना आयोजना, नहर र कुला, ताल तलैया र पोखरीहरूको मर्मत सम्भार,
- सञ्चालनमा रहेका आयोजनालाई समयमै सम्पन्न गर्ने कार्ययोजना,
- नदीको क्षेत्र निर्धारण,
- प्रभावकारी नदी नियन्त्रण कार्यक्रम,
- चुरे संरक्षण तथा जल सङ्कलन कार्यक्रम,
- जल उत्पन्न क्षति न्यून गर्न र प्रकोप नियन्त्रणका लागि अत्यावश्यक स्थायी कोषको व्यवस्था,
- बाढीले क्षतिग्रस्त आयोजनाहरू, नहर, कुलाको पुनर्निर्माण एवं मर्मत,
- द्वन्दकालमा विस्थापित भएका सिँचाई कार्यालयको पुनर्स्थापना,
- जोखिमपूर्ण ठाउँमा आवश्यक संरचना र कार्यालयको स्थापना,
- “एक गाउँ एक जलाशय” विशेष कार्यक्रम ।

६. नौमुरे आयोजनाका सन्दर्भमाः

विगत लामो समयदेखि अध्ययनको क्रममा रहेको नौमुरे आयोजनालाई देशको हितमा उच्चतम सदुपयोग हुने गरी सिँचाइलाई प्राथमिकतामा राखी बहुउद्देश्यीय आयोजनाको रुपमा विकास गर्न र स्वदेशी लगानीमा नै निर्माण गर्न आवश्यक कार्ययोजना एवं प्रक्रिया अगाडि बढाउने गरी आगामी आर्थिक वर्षमा प्राथमिकतामा राख्न सिँचाइ मन्त्रालयलाई निर्देशन दिँदै यसमा सहजीकरण गर्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई ध्यानाकर्षण गराउने ।

७. जलउत्पन्न प्रकोप व्यवस्थापन ऐन अविलम्ब ल्याउन सिँचाइ मन्त्रालयलाई निर्देशन दिने ।

व्यवस्थापिका-संसद

कृषि तथा जलस्रोत समिति

वैठक संख्याः ७७

मितिः २०७२ चैत २१

समयः १२:२० वजे

व्यवस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको बैठक ठूला आयोजनाहरुमा वातावरण परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन समबन्धमा देखिएका समस्या तथा समाधानका सम्बन्धमा छलफल गर्न व्यवस्थापिका संसदको वातावरण संरक्षण समिति र विकास समितिका सभापतिज्यूहरुसँग समेत छलफल गरी कृषि तथा जलस्रोत समितिले संयोजन गरी वातावरण संरक्षण समिति र विकास समितिको समेत सहभागितामा आज समितिका सभापति माननीय गगनकुमार थापाको सभापतित्वमा बस्यो।

आजको बैठकमा निम्न लिखित मा० सदस्यहरुको उपस्थिति रह्यो।

सदस्यहरुः

| | | |
|---|---|---|
| १. | मा० गगनकुमार थापा | |
| २. | मा० अमृतकुमार बोहरा | |
| ३. | मा० आशा यादव | |
| ४. | मा० कमलप्रसाद पंगेनी | |
| ५. | मा० काशीनाथ अधिकारी | |
| ६. | मा० किरण यादव | |
| ७. | मा० केशव थापा | |
| ८. | मा० कृष्ण धिताल | |
| ९. | मा० गीता सिंह | × |
| १०. | मा० गंगादेवी डागी | |
| ११. | मा० चन्द्रवहादुर कुँवर | × |

| | | |
|---|---|---|
| १२. | मा० छेवाङ्ग तेन्जेन तमाङ | |
| १३. | मा० जमिन्द्रमान घले | × |
| १४ | मा० जंगिलाल राय | × |
| १५. | मा० डम्बरध्वज तुम्बाहाम्फे | × |
| १६. | मा० डिल्लीप्रसाद काफ्ले | |
| १७. | मा० तप्तबहादुर विष्ट | |
| १८ | मा० ताराकान्त चौधरी | × |
| १९. | मा० दिनेशप्रसाद परसैला यादव | × |
| २० | मा० धानो महरा | × |
| २१. | मा० ध्रुव वाग्ले | |
| २२. | मा० नबराज शर्मा | × |
| २३. | मा० नरेन्द्रसाह कलवार | × |
| २४ | मा० निर्मलप्रकाश सुवेदी | |
| २५ | मा० पुनाराम थापा | |
| २६. | मा० पुष्करनाथ ओझा | |
| २७. | मा० बलराम अधिकारी | |
| २८ | मा० भवानीप्रसाद खापुङ्ग | × |
| २९ | मा० मानवहादुर थारु | × |
| ३०. | मा० राजु खनाल | |
| ३१. | मा० रामअवतार पासमान | |
| ३२. | मा० रामेश्वरप्रसाद ढुङ्गेल | |

| | | |
|---|---|---|
| ३३. | मा० रेशमबहादुर बानिया | |
| ३४ | मा० लक्ष्मीकुमारी चौधरी | |
| ३५. | मा० लक्ष्मीप्रसाद पोखरेल | |
| ३६. | मा० विक्रम खनाल | |
| ३७. | मा० बिमलेन्द्र निधि | × |
| ३८ | मा० बेदमाया भण्डारी (शाक्य) | |
| ३९. | मा० शारदाकुमारी विश्वकर्मा | × |
| ४० | मा० शिवकुमार मण्डल केवट | |
| ४१ | मा० शिवचन्द्र चौधरी | |
| ४२ | मा० सीता नेपाली | × |
| ४३ | मा० सुधिरकुमार सिवाकोटी | |
| ४४ | मा० सुमित्रा थरुनी | × |
| ४५ | मा० सुरेन्द्रप्रसाद यादव | × |
| ४६ | मा० ज्ञानेन्द्रबहादुर कार्की | × |

**विकास समिति**

| | | |
|---|---|---|
| १. | मा० अतहरकमल मुसलमान | |
| २. | मा० अनिता देवकोटा | |
| ३. | मा० अमरसिँह पुन | |
| ४. | मा० अमृतकुमार अर्याल | |
| ५. | मा० आङटावा शेर्पा | |
| ६. | मा० कर्णबहादुर वि.क. | |

| | | |
|---|---|---|
| ७. | मा० कल्पना सोब | |
| ८. | मा० केशवकुमार बुढाथोकी | |
| ९. | मा० गणेश ठगुन्ना | |
| १०. | मा० गुरुप्रसाद बुर्लाकोटी | |
| ११. | मा० जनार्दन ढकाल | |
| १२. | मा० जानकीकुमारी साउद रावल | |
| १३. | मा० जीवनबहादुर शाही | |
| १४ | मा० बलदेव बोहरा | |
| १५. | मा० महिना लिम्बु | |
| १६. | मा०महेन्द्र यादव | |
| १७. | मा० रामकुमार भट्टराई | |
| १८ | मा० रामचन्द्र पोखरेल | |
| १९. | मा० बैजनाथ चौधरी थारु | |
| २० | मा० शिवजी यादव | |
| २१. | मा० सिता गिरी ओली | |
| २२. | मा० सीतादेवी यादव | |

**वातावरण संरक्षण समिति**

| | | |
|---|---|---|
| २७ | मा० जनकराज चौधरी- सभापति | |
| २७ | मा० कमला विश्वकर्मा | |
| २७ | मा० कविताकुमारी सरदार | |
| २८ | मा० गणेशप्रसाद विमली | |

| | | |
|---|---|---|
| २८ | मा० धनबहादुर गुरुङ |  |
| २८ | मा० टुकराज सिग्देल |  |
| २८ | मा० दीर्घराज भाट |  |
| २८ | मा० पुरुषोत्तम पौडेल |  |
| २८ | मा० मधु शाही ठकुरी |  |
| २८ | मा० रवनी चौधरी |  |
| २८ | मा० विर बहादुर वलायर |  |
| २८ | मा० शान्ती देवी चौधरी |  |
| २८ | मा० सकलदेव सुतिहार |  |
| २९ | मा० सरिता प्रसाई |  |
| क्र.स. | पदेन सदस्यहरु | उपस्थिति |
| ४१ | सम्माननीय के.पी. शर्मा वली, प्रधानमन्त्री | × |
| ४२ | माननीय टोपबहादुर रायमाझी, उपप्रधानमन्त्री तथा ऊर्जा मन्त्री | × |
| ४३ | माननीय हरिवोलप्रसाद गजुरेल, कृषि विकास मन्त्री | × |
| ४४ | माननीय उमेश यादव, सिँचाई मन्त्री | × |
| ४५ | माननीय रामकुमार सुब्बा, भूमिसुधार तथा व्यवस्था मन्त्री | × |
| ४६ | माननीय शान्ता मानवी, पशुपंक्षी विकास मन्त्री | × |
| ४७ | माननीय बिक्रमबहादुर थापा, भूमुधार तथा व्यवस्था राज्यमन्त्री | × |
| ४८ | माननीय नरदेवी पुन मगर, पशुपंक्षी विकास राज्यमन्त्री | × |
| ४९ | माननीय दिनेश श्रेष्ठ, भूमुधार तथा व्यवस्था सहायकमन्त्री | × |
|  | आमन्त्रित |  |

| | | |
|---|---|---|
| ५४ | सुमनप्रसाद शर्मा सचिव ऊर्जा मन्त्रालय | |
| ५५ | उदयचन्द्र ठाकुर सचिव वन तथा भू संरक्षण मन्त्रालय | |
| ५६ | नारायणराज तिमल्सिना सहसचिव वातावरण मन्त्रालय | |
| ५७ | राजेन्द्र काफ्ले सहसचिव वन तथा भू संरक्षण मन्त्रालय | |
| ५८ | ज्वाला श्रेष्ठ उपसचिव जनसंख्या तथा वातावरण मन्त्रालय | |
| ५९ | सञ्जय ढुँगेल सिनियर डिभिजनल इन्जिनियर लगानी वोर्डको कार्यालय | |
| ६० | प्रभाकर घिमिरे परामर्शदाता लगानी वोर्ड | |
| ६१. | उज्वल गजुरेल परामर्शदाता लगानी वोर्ड | |
| ६२ | क्षेत्रबहादुर भण्डारी परामर्शदाता लगानी वोर्ड | |
| ६३. | इश्वरी दत्त पनेरु शाखा अधिकृत जनसंख्या तथा वातावरण मन्त्रालय | |
| ६४ | पुरुषोत्तम नेपाल उपसचिव जनसंख्या तथा वातावरण मन्त्रालय | |
| ६५ | दिनेशकुमार घिमिरे सहसचिव ऊर्जा मन्त्रालय | |
| ६६. | नविनराज सिँह उमानी विविवि | |
| ६७ | डा सञ्जय शर्मा सहसचिव ऊर्जा मन्त्रालय | |
| ६८ | समीर रत्न शाक्य महानिर्देशक विविवि | |
| ६९ | राजेश पन्त प्रमुख लगानी वोर्ड | |
| ७० | हरिकृषण उप्रेत परामर्शदाता लगानी वोर्ड | |

व्यस्थापिका-संसद कृषि तथा जलस्रोत समिति, वातावरण संरक्षण समिति र विकास समितिको संयुक्त बैठक कृषि तथा जलस्रोत समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । बैठकमा ठूला आयोजनाहरुमा वातावरण परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा देखिएका समस्या तथा समाधानका सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम निर्णय भयोः–

निर्णयः

एकातफ जनताको विकासप्रतिको तीव्र आकांक्षालाई सम्बोधन गर्नु पर्ने आवश्यकता छ भने अर्कोतफ वातावरण संरक्षणका सन्दर्भमा हाम्रा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धताप्रति सचेत रहँदै विकास र वातावरणलाई सन्तुलनमा राख्नु अत्यावश्यक छ । विकास आयोजना पनि अवरुद्ध नहुने र वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम रहने तथा वातावरणीय सन्तुलन पनि बिग्रन नदिनेतर्फ पनि उत्तिकै सचेत हुनु आवश्यक छ । दीगो विकासको अवधारणाप्रति प्रतिबद्ध रहँदै र विकास निर्माणका सन्दर्भमा विद्यमान कानूनी र संरचनागत जटिलतालाई सहजीकरण र सरलीकरण गर्नु पर्ने अपरिहार्यतालाई समेत मध्यनजर गर्दै व्यवस्थापिका संसद, कृषि तथा जलस्रोत समिति, वातावरण संरक्षण समिति र विकास समितिको आजको संयुक्त बैठक निम्न बमोजिमको निर्णय गर्दछः–

१. वन क्षेत्रको जग्गा सट्टाभर्नाका सन्दर्भमाः

वन क्षेत्रको जग्गा सट्टाभर्नाका सन्दर्भमा तत्कालिन प्राकृतिक स्रोत र साधन समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन, २०६७ को भाग ६ को बुँदा ६.२.८ मा उल्लिखित "वन क्षेत्रको जग्गा अर्को प्रयोजनका लागि प्रयोग गर्नु पर्ने अवस्थामा वन ऐन क्षतिपूर्ति बापत वन क्षेत्र सट्टाभर्ना गर्ने प्रावधान सहितको दफा राखी सोही बमोजिम मात्र गर्न सक्ने व्यवस्था गर्ने" भन्ने प्रावधानले जलविद्युत आयोजना निर्माणका सन्दर्भमा उठेका जटिलतालाई सहजीकरण गर्नका लागि जलविद्युत आयोजना क्षेत्रभित्र पर्ने वन क्षेत्रको जग्गा प्रयोग गर्ने अवस्थामा वन क्षेत्र नघट्ने र आयोजना निर्माणमा पनि बाधा नहुने अवस्थाको सुनिश्चितताको लागि वन तथा भू-संरक्षण मन्त्रालयलाई निम्नानुसार निर्देश गर्नेः–

क. जलविद्युत आयोजना बनाउँदा प्रयोग हुने वन क्षेत्रको जग्गाको सन्दर्भमा प्रबद्र्धकले आफ्नो अनुकूलता अनुसार, सरकारद्वारा न्युनतम मुल्याङ्कनबाट हुन आउने रकम तोकिएको निकायलाई उपलब्ध गराउने अथवा वन तथा भू-संरक्षण मन्त्रालयले तोके बमोजिमको जग्गा उपलब्ध गराउने व्यवस्था गर्ने,

ख. जलविद्युत आयोजना निर्माण गर्दा मासिएका रुख-विरुवाको हकमा १ बराबर २ को अनुपातमा बृक्षारोपण गरी हुर्काउनका लागि प्रबद्र्धकले वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ अनुसार कायम हुन आउने लागत बराबरको रकम तोकिएको निकायमा जम्मा गर्न लगाउने,

ग. यसरी जम्मा भएको रकम अन्य क्षेत्रमा खर्च गर्न नपाउने गरी आयोजना निर्माण भएको नजिकको उपयुक्त क्षेत्रमा वन क्षेत्र कायम गर्न जग्गा लिने र बृक्षारोपण गरी हुर्काउनका लागि मात्र प्रयोग गर्न वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत रहेको निकाय वा आवश्यक परे छुट्टै निकाय निर्माण गरी अगाडि बढाउनका लागि आवश्यक कानूनी तथा संरचनागत व्यवस्था गराउने,

घ. उपरोक्त निर्देशन कार्यन्वयनका लागि अन्य सरोकारवाला निकायसँग समेत समन्वय गरी एक महिनाभित्र आवश्यक कार्यविधि तथा निर्देशिका निर्माण एवं परिमार्जन गर्ने ।

२. पूरक प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमाः

२.१. पूरक प्रारम्भिक वातावरणीय परीक्षण (Supplementary IEE वा वातावरणीय प्रभाव मुल्याङ्कन (Supplementary EIA) गर्दा फरक पर्न आउने क्षेत्रफल र रुख-बिरुवाको संख्याका सन्दर्भमा विद्यमान प्रावधान अनुसार पुनः पूरक अध्ययन वा समायोजना गर्नु पर्ने व्यवस्थामा पुनर्विचार गरी ३ देखि ६ महिनाको समयावधि तोकी पूरक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न लगाउने तर यो समयावधिमा आयोजनाको काम अवरुद्ध नगर्न जनसंख्या वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने ।

२.२. आयोजनाको संरचनाले चर्चेको वन क्षेत्रको जग्गाको क्षेत्रफल एवं काटिने रुख-बिरुवाको संख्यामा १०% सम्म थप-घट भएमा पूरक प्रारम्भिक वातावरणीय परीक्षण वा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नु नपर्ने व्यवस्था मिलाउन जनसंख्या तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने ।

व्यवस्थापिका-संसद

कृषि तथा जलस्रोत समिति

वैठक संख्याः ७८

मितिः २०७२ चैत २९

समयः ८:३० वजे

व्यवस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको बैठक समितिमा सभापति माननीय गगनकुमार थापाको सभापतित्वमा बस्यो ।

आजको बैठकमा निम्न लिखित मा० सदस्यहरुको उपस्थिति रह्यो ।

सदस्यहरुः

| | | |
|---|---|---|
| २९ | मा० गगनकुमार थापा | |
| २९ | मा० अमृतकुमार बोहरा | |
| २९ | मा० आशा यादव | × |
| २९ | मा० कमलप्रसाद पंगेनी | × |
| २९ | मा० काशीनाथ अधिकारी | |
| २९ | मा० किरण यादव | |
| २९ | मा० केशव थापा | × |
| २९ | मा० कृष्ण धिताल | × |
| २९ | मा० गीता सिंह | × |
| ३० | मा० गंगादेवी डागी | × |
| ३० | मा० चन्द्रवहादुर कुँवर | × |
| ३० | मा० छेवाङ्ग तेन्जेन तमाङ | × |
| ३० | मा० जमिन्द्रमान घले | × |

| | | |
|---|---|---|
| ३०४ | मा० जंगिलाल राय | × |
| ३०५ | मा० डम्बरध्वज तुम्बाहाम्फे | × |
| ३०६ | मा० डिल्लीप्रसाद काफ्ले | |
| ३०७ | मा० तप्तबहादुर विष्ट | × |
| ३०८ | मा० ताराकान्त चौधरी | × |
| ३०९ | मा० दिनेशप्रसाद परसैला यादव | × |
| ३१० | मा० धानो महरा | × |
| ३११ | मा० ध्रुव वाग्ले | × |
| ३१२ | मा० नबराज शर्मा | |
| ३१३ | मा० नरेन्द्रसाह कलवार | × |
| ३१४ | मा० निर्मलप्रकाश सुवेदी | |
| ३१५ | मा० पुनाराम थापा | × |
| ३१६ | मा० पुष्करनाथ ओझा | × |
| ३१७ | मा० बलराम अधिकारी | × |
| ३१८ | मा० भवानीप्रसाद खापुङ्ग | × |
| ३१९ | मा० मानवहादुर थारु | × |
| ३२० | मा० राजु खनाल | |
| ३२१ | मा० रामअवतार पासमान | × |
| ३२२ | मा० रामेश्वरप्रसाद ढुङ्गेल | |
| ३२३ | मा० रेशमबहादुर बानिया | × |
| ३२४ | मा० लक्ष्मीकुमारी चौधरी | × |

| | | |
|---|---|---|
| ३२५ | मा० लक्ष्मीप्रसाद पोखरेल | |
| ३२६ | मा० विक्रम खनाल | × |
| ३२७ | मा० बिमलेन्द्र निधि | × |
| ३२८ | मा० बेदमाया भण्डारी (शाक्य) | |
| ३२९ | मा० शारदाकुमारी विश्वकर्मा | × |
| ३३० | मा० शिवकुमार मण्डल केवट | × |
| ३३१ | मा० शिवचन्द्र चौधरी | × |
| ३३२ | मा० सीता नेपाली | × |
| ३३३ | मा० सुधिरकुमार सिवाकोटी | × |
| ३३४ | मा० सुमित्रा थरुनी | × |
| ३३५ | मा० सुरेन्द्रप्रसाद यादव | × |
| ३३६ | मा० ज्ञानेन्द्रबहादुर कार्की | × |

| क्र.स. | पदेन सदस्यहरु | उपस्थिति |
|---|---|---|
| ५० | सम्माननीय के.पी. शर्मा वली, प्रधानमन्त्री | × |
| ५१ | माननीय टोपबहादुर रायमाझी, उपप्रधानमन्त्री तथा ऊर्जा मन्त्री | × |
| ५२ | माननीय हरिवोलप्रसाद गजुरेल, कृषि विकास मन्त्री | |
| ५३ | माननीय उमेश यादव, सिँचाई मन्त्री | × |
| ५४ | माननीय रामकुमार सुब्बा, भूमिसुधार तथा व्यवस्था मन्त्री | × |
| ५५ | माननीय शान्ता मानवी, पशुपंक्षी विकास मन्त्री | × |
| ५६ | माननीय बिक्रमबहादुर थापा, भूमुधार तथा व्यवस्था राज्यमन्त्री | × |

| | | |
|---|---|---|
| ५७ | माननीय नरदेवी पुन मगर, पशुपंक्षी विकास राज्यमन्त्री | × |
| ५८ | माननीय दिनेश श्रेष्ठ, भूमुधार तथा व्यवस्था सहायकमन्त्री | × |
| | आमन्त्रित | |
| ७१ | उत्तमकुमार भट्टराई सचिव कृषि विकास मन्त्रालय | |
| ७२ | अनुपकुमार उपाध्याय सचिव सिंचाई मन्त्रालय | |
| ७३ | पुरुषोत्तम सुवेदी उपसचिव भु.सु. मन्त्रालय | |
| ७४ | सुरेशमान श्रेष्ठ सचिव राष्ट्रिय योजना आयोग | |
| ७५ | योगेन्द्रकुमार कार्की सहसचिव कृषि विकास मन्त्रालय | |
| ७६ | इश्वरप्रसाद रिजाल सहसचिव कृषि विकास मन्त्रालय | |
| ७७ | माधव वेलवासे सहसचिव सिँचाई | |
| ७८ | मीनप्रसाद बुढाथोकी प्रमुख कृषि सूचना तथा संचार केन्द्र | |
| ७९ | डा० हरीबाबु तीवारी उपमहानिर्देशक कृषि विभाग | |
| ८० | डा० सुरोज पोखरेल सहसचिव कृषि विकास मन्त्रालय | |
| ८१ | डा० युवकध्वज जि.सि महानिर्देशक कृषि विभाग | |
| ८२ | संजिवकुमार कर्ण महानिर्देशक खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | |
| ८३ | डा० दीपक भण्डारी निर्देशक योजना तथा समन्वय नेपाल कृषि अनुसन्धान परिषद् | |
| ८४ | काशिराज दहाल सहसचिव कृषि विकास मन्त्रालय | |
| ८५ | रमेशप्रसाद गुरागाई स्वकीय उपसचिव कृषि विकास मन्त्री | |
| ८६ | सुजन ढुँगेल कृ अधिकृत | |
| ८७ | रामबाबु अधिकारी वरिष्ठ कृषि अर्थविद | |
| ८८ | शंकर सापकोटा व कृ अ | |

| | | |
|---|---|---|
| ८९ | रविन्द्र सुवेदी व कृ अ | |
| ९० | सन्तोषराज पौडेल व कृ अ | |
| ९१ | सञ्जय धिमाल कृषि अधिकृत | |

व्यस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । बैठकमा कृषि विकास मन्त्रालयको हालसम्मको प्रगति विवरण तथा आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम निर्णय भयोः–

निर्णयहरूः

१. चालु आर्थिक वर्षको प्रगति विवरण सम्बन्धमाः

आजको वैठकमा कृषि विकास मन्त्रालयले प्रस्तुत गरेको चालु आ.व.को प्रगति विवरण हेर्दा मन्त्रालय आफैले तय गरेको लक्ष्य अनुरुप पनि प्रगति अवस्था सन्तोषजनक देखिएन । अतः लक्ष्य अनुरुप काम सम्पन्न गर्न विशेष तदारुकताका साथ लाग्न, प्रत्येक कार्यक्रम र आयोजनाको कार्यन्वयन कार्यतालिका निर्माण गरी, सोको प्रभावकारी अनुगमन गर्न र प्रगति प्रतिवेदन समितिमा पेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।

२. धान बालीका सम्बन्धमाः

देशको प्रमुख खाद्यान्न बालीको रुपमा रहेको धान उत्पादन, भण्डारण लगायतमा देखिएको समस्या र विशेषत तराइका जिल्लाहरूमा सिंचाइको अभावमा धान रोपाई हुन नसकेको सन्दर्भलाई समेत मध्यनजर गर्दै यसबाट खाद्य सुरक्षामा पर्न जाने प्रभावलाई सम्बोधन गर्न धान उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि निम्म बमोजिमका कार्य अविलम्ब गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिनेः-

१. चालु आर्थिक वर्षमै धानको ब्याड राख्नका लागि सिंचाई मन्त्रालयसंग समन्वय गरी तराईका जिल्लामा १०००० स्यालो ट्यूववेल जडान तथा डीप ट्यूबवेल मर्मतका लागि चालु आ.व.को बचत बजेट प्रयोग गरि असार मसान्तसम्म काम सक्न आवश्यक ब्यवस्था गर्ने
२. पर्याप्त धानको बीउको ब्यवस्था गर्ने,
३. धान उत्पादनका लागि आवश्यक मलको ब्यवस्था गर्ने,
४. धानको उचित भण्डारणका लागि मुख्य मुख्य स्थानमा सरकारी सामुदायीक भण्डारणको ब्यवस्था गर्ने,
५. धानको अनौपचारिक निर्यात रोक्न तथा कृषकलाई प्रोत्साहित गर्नका लागि धान व्याड राख्नु अगावै न्युनतम समर्थन मुल्य तोक्ने ब्यवस्था मिलाउने,
६. धानको प्रशोधन कारखाना स्थापनाका लागि कार्यक्रम तर्जुमा गर्ने ।

३. कृषि विकास मन्त्रालयले वितरण गर्ने अनुदान सम्बन्धमाः

अनुदानका सन्दर्भमा मिति २०७२ चैत्र १४ गतेको बैठकले दिएका निम्न बमोजिमका निर्देशनलाई पुनः स्मरण गराउदै,

१. कृषि विकास मन्त्रालयका विभिन्न निकायबाट प्रदान गरिने अनुदानलाई पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाउने सन्दर्भमा अनुदानसँग सम्बन्धित सम्पूर्ण जानकारी ध्भदकष्तभ मा राख्न, नियमित रुपमा अपडेट गर्न, प्रत्येक वर्ष कृषि अनुदान सम्बन्धी कार्यक्रम, योजना र बजेट तथा वितरण प्रक्रियाको सम्पूर्ण जानकारी सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरू र स्थानीय निकायका प्रतिनिधिहरुसंग समन्वय र छलफल गरी सम्बन्धित सबैलाई उपलब्ध गराउन, स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्न र सूचना सार्वजनिक रुपमा टाँस्न यस समितिले विगतमा दिएको निर्देशनलाई पुनः स्मरण गराउँदै लागू नभएका जिल्लामा समेत लागू गरी ती विषयलाई प्रभावकारी कार्यन्वयन गर्न कृषि विकास मन्त्रालय र पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने । (निर्णय नं १ (२०७२ चैत्र १४)

२. कृषि विकास मन्त्रालय र पशुपंछी मन्त्रालयबाट वितरण गर्ने अनुदानलाई पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाउनका लागि अनुदान वितरण गर्ने सन्दर्भमा कुनै पनि क्षेत्रमा अनुदान वितरण गर्नुको औचित्य, वितरणको आधार, अनुदानको प्रभाव, वितरण गर्ने तरिका र अनुदानबाट अपेक्षित उपलव्धि आदी सवै विषयलाई समेटेर एकिकृत अनुदान निर्देिशिका निर्माणका लागि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसंग समेत समन्वय गरी यसै आर्थिक वर्षभित्र एकीकृत अनुदान निर्देशिका तर्जुमा गर्न कृषि विकास मन्त्रालय र पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने ।(निर्णय नं २ (२०७२ चैत्र १४)

३. विगतमा प्रदान गरिएका अनुदानको अनुगमन मूल्याङ्कन परिपाटी प्रभावकारी र व्यवस्थित हुन नसकेको अवस्था स्वयं मन्त्रालयले समेत स्वीकार गरेको अवस्थामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रभावकारी अनुगमन मूल्याङ्कनका लागि आवश्यक ध्यान दिन र परिणाम र उपलब्धीलाई समेत मध्यनजर गरेर कार्यक्रम राख्न कृषि विकास मन्त्रालय र पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने। (निर्णय नं ३ (२०७२ चैत्र १४)

**अनुदानको सन्दर्भमा कृषि विकास मन्त्रालयलाई निम्न थप निर्देशन दिनेः–**

क. Input based मा आधारित अनुदान कार्यक्रमलाई आगामी आर्थिक वर्षबाट अनिवार्य रुपमा Output based अनुदान प्रकृयामा लैजाने ।

ख. कृषि विकास मन्त्रालयबाट कृषि क्षेत्रमा प्रदान गरिने अनुदानलाई अनिवार्य रुपमा विमासंग आवद्ध गर्ने ।

ग. अनुदान कार्यक्रम कार्यन्वयन अनुगमन गर्दा सम्बन्धित जिल्लाका जनप्रतिनिधि (सांसद) लाई अनिवार्य संलग्न गराउने ।

घ. अनुदान प्रकृयालाई पारदर्शी, प्रभावकारी, व्यवस्थित र जनमुखी बनाउन तथा मन्त्रालय अन्तरगत संचालित आयोजनाबाट दिईने अनुदान रकममा एकरुपता ल्याउन यसै आर्थिक बर्षभित्र अनुदान वितरण सम्बन्धी नीति र एकीकृत अनुदान निर्देशिका तर्जुमा गरी सो अनुसार काम गर्ने गरी कार्यक्रम तय गर्ने ।

४. कृषि शिक्षा सम्बन्धमाः

कृषिसंग सम्बन्धित विश्वविद्यालय तथा क्याम्पसका प्रत्येक कृषि स्नातकहरुलाई अनिवार्य रुपमा कम्तिमा एक बर्षका लागि कृषि क्षेत्रमा (फिल्ड वर्कको) अनुभव लिने र सेवा प्रदान गर्ने ब्यवस्थाका लागि कार्यक्रम तर्जुमा गर्न र सो कार्यक्रम कार्यन्वयनका लागि आवश्यक पाठ्यक्रम विकासका लागि शिक्षा मन्त्रालयसंग समन्वय गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।

५. कृषि अनुसन्धान सम्बन्धमाः

कृषि अनुसन्धानका कार्यक्रमहरुलाई कृषकको आवश्यकता अनुसार व्यावसायीक र वैज्ञानिक बनाउन तथा कृषि वैज्ञानिकहरुलाई अनुसन्धान सेवामा retain गर्ने गरी राष्ट्रिय कृषि अनुसन्धान परिषदको पुनर्संरचना गर्ने व्यवस्था मिलाउन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।

६. मल अनुदान सम्बन्धमाः

हाल ५० प्रतिशत कृषकहरुले मात्र अनुदानित मल प्राप्त गरिराखेकोको सन्दर्भमा मलमा दिईएको अनुदानलाई पुनरावोलकन गर्दै माग अनुसारको मात्रामा अनुदान दिन नसकेको गुनासोलाई समेत सम्बोधन गर्न र सम्पूर्ण कृषकहरुलाई आवश्यकता अनुसार अनुदानको मल वितरण गर्ने ब्यवस्था गर्ने गरि कार्यक्रम तय गर्न हाल ३७ जिल्लामा मात्र रहेको रासायनिक मलको गोदाम घरलाई विस्तार गरी तराई तथा मध्य पहाडका सम्पूर्ण जिल्लामा गोदाम घर निर्माणको व्यवस्था मिलाउन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।

७. गहुँ बाली सम्बन्धमाः

आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रममा गहुँ बालीको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि कार्यक्रम थप गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।

८. प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमाः

आगामी आ.व.को वजेट तथा कार्यक्रम बनाउँदा कृषि विकास रणनीति अनुसार प्रतिफलमुखी हुने गरी तर्जुमा गर्न स्मरण गराउँदै प्रस्तावित बजेट तथा कार्यक्रममा निम्न सुझावहरूलाई समेत समावेश गरि कार्यक्रम र बजेट परिमार्जन गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिनेः–

क. मन्त्रालयले प्रस्तुत गरेको Block, Zone र Super Zone को अबधारणा सहितको प्रस्तावित कार्यक्रम सन्तोषप्रद देखिन्छ । तर यसको कार्यन्वयनको सुनिश्चितताका लागि कार्यक्रम तर्जुमा गर्दा नै सिंचाई, पशुविकास लगायतका मन्त्रालयसंग समन्वय गर्न, कार्ययोजना कार्यतालिका निर्माण गर्न र सोको अपेक्षित उपलव्धिको प्रभावकारी अनुगमन संयन्त्र बनाउने,

ख. समुदायमा आधारित उद्यमशीलताको माध्यमबाट कृषिको व्यवसायीकरण गर्न प्रोत्साहन गर्ने कार्यक्रन तर्जुमा गर्ने,

ग. अत्यधिक आयात हुने उच्च मुल्य कृषि बस्तुहरुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न तथा सुलभरुपमा निरन्तर उपलब्ध गराउने ब्यबस्थाका लागि सरकारी निजी तथा सरकारी सहकारी साझेदारीमा शीत भण्डार तथा प्रशोधन उद्योगहरुको स्थापना र खाद्यान्न उपलब्धतालाई सुनिश्चित गर्न सार्वजनिक भण्डार घर निर्माण र विकास गर्ने ब्यबस्था मिलाउने,

घ. माटोको उर्वरा शक्तिलाई संरक्षण गर्दै दिगोरुपमा उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न निश्चित अनुपातमा रासायनिक मलका साथै प्राङ्गारिक मल अनिवार्यरुपमा संगै वितरण गर्ने र व्यावसायिक कृषि पकेट क्षेत्रहरुमा माटोको अम्लियपन बढिरहेको हालको अवस्थामा कृषि चुनलाई अनुदानाम वितरण गर्ने ब्यबस्था मिलाउने । साथै मलमा प्रदान गरिने हालको अनुदानको व्यवस्थालाई प्रतिफलमुखी र पारदर्शि हुने व्यवस्था मिलाउने,

ङ. दिनानुदिन बढ्दै गईरहेको सहरीकरणलाई सम्बोधन गर्न सहरी कृषि (Urban Agriculture) को विकास गर्ने ब्यबस्था मिलाउने ।

च. बातावरण संरक्षण तथा जलवायू परिवर्तनका प्रतिकुल असरहरुलाई न्युनिकरण गर्न र दीगो कृषि विकासको अवधारणालाई समेत मध्येनजर गरि आगामी आ.व.को कार्यक्रममा “अर्गानिक जोन” को विकास गर्ने कार्यक्रम समेत थप गर्न र कार्बन ट्रेड क्रेडिटको लागि निश्चित स्थानमा कृषि उत्पादनसंग जोडिएका रुख रोप्ने कार्यक्रमको संभाव्यता अध्ययनको लागि आवश्यक प्रकृया अगाडि बढाउने व्यबस्था गर्ने,

९. सिंचाई कार्यक्रम सम्बन्धमाः

प्रमुख रुपमा धान उत्पादन हुने तराईका जिल्लाहरुमा सतह सिंचाईको व्यवस्था नभएका स्थानमा भूमिगत सिंचाईको व्यवस्था आवश्यक भए अनुसार कृषि मन्त्रालयको कार्यक्रममा भूमिगत सिंचाई प्रणालीको लागि कार्यक्रम रहेको पाइयो । सिंचाई सम्बन्धी कार्यका लागि सिंगो सिंचाई मन्त्रालय रहेको अवस्थामा अन्य मन्त्रालयबाट सानातिना कार्यक्रमहरु संचालन गर्नु भन्दा आवश्यकता अनुसार सिंचाई मन्त्रालयसंग समन्वय गरी सिंचाई सम्बन्धी सम्पूर्ण काम सिंचाई मन्त्रालयबाटै गर्ने गरी समन्वय गर्न कृषि विकास मन्त्रालय र सिंचाई मन्त्रालयलाई निर्देशन दिने ।

१०. न्युनतम समर्थन मूल्य सम्बन्धमाः

मुख्य मुख्य बालीहरू धान, गहुँ, मकै उखु जस्ता बालीहरूको, बाली लगाउनु अघि नै न्युनतम समर्थन मूल्य तोक्न र यसका लागि आवश्यक भण्डारणको व्यवस्था गर्न वाणिज्य मन्त्रालय र आपूर्ति मन्त्रालयसंग समन्वय गरी प्रकृया अगाडि बढाउन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।

११. भूकम्प लगायत प्राकृतिक प्रकोप प्रभावित किसानका सन्दर्भमाः

कृषि क्षेत्र अधिकांश ग्रामीण जनताको जीविकोपार्जको श्रोतको रुपमा रहेको र विनाशकारी भूकम्प तथा अन्य प्राकृतिक प्रकोपबाट अधिकांश कृषकहरुको जीविकोपार्जनमा पर्न गएको क्षतीलाई न्यूनीकरण तथा पुनस्थापना गर्न प्राकृतिक प्रकोप कृषक लक्षित व्यवसायिक कृषि कार्यक्रमहरुको तर्जुमा गर्ने र सहुलियत दरमा कृषि ऋणको ब्यबस्था गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।

व्यवस्थापिका-संसद

कृषि तथा जलस्रोत समिति

वैठक संख्याः ७९

मितिः २०७२ चैत ३०

समयः ८:०० वजे

व्यवस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको बैठक समितिमा सभापति माननीय गगनकुमार थापाको सभापतित्वमा बस्यो ।

आजको बैठकमा निम्न लिखित मा० सदस्यहरुको उपस्थिति रह्यो ।

सदस्यहरुः

| | | |
|---|---|---|
| ३३५ | मा० गगनकुमार थापा | |
| ३३८ | मा० अमृतकुमार बोहरा | |
| ३३९ | मा० आशा यादव | × |
| ३४ | मा० कमलप्रसाद पंगेनी | |
| ३४१ | मा० काशीनाथ अधिकारी | |
| ३४ | मा० किरण यादव | |
| ३४ | मा० केशव थापा | × |
| ३४ | मा० कृष्ण धिताल | × |
| ३४ | मा० गीता सिंह | × |
| ३४१ | मा० गंगादेवी डागी | × |
| ३४ | मा० चन्द्रवहादुर कुँवर | × |
| ३४ | मा० छेवाङ्ग तेन्जेन तमाङ | × |
| ३४ | मा० जमिन्द्रमान घले | × |

| | | |
|---|---|---|
| ३५० | मा० जंगिलाल राय | × |
| ३५१ | मा० डम्बरध्वज तुम्बाहाम्फे | × |
| ३५२ | मा० डिल्लीप्रसाद काफ्ले | |
| ३५३ | मा० तप्तबहादुर विष्ट | |
| ३५४ | मा० ताराकान्त चौधरी | × |
| ३५५ | मा० दिनेशप्रसाद परसैला यादव | × |
| ३५६ | मा० धानो महरा | × |
| ३५७ | मा० ध्रुव वाग्ले | × |
| ३५८ | मा० नबराज शर्मा | |
| ३५९ | मा० नरेन्द्रसाह कलवार | × |
| ३६० | मा० निर्मलप्रकाश सुवेदी | |
| ३६१ | मा० पुनाराम थापा | × |
| ३६२ | मा० पुष्करनाथ ओझा | × |
| ३६३ | मा० बलराम अधिकारी | × |
| ३६४ | मा० भवानीप्रसाद खापुङ्ग | |
| ३६५ | मा० मानवहादुर थारु | |
| ३६६ | मा० राजु खनाल | × |
| ३६७ | मा० रामअवतार पासमान | × |
| ३६८ | मा० रामेश्वरप्रसाद ढुङ्गेल | |
| ३६९ | मा० रेशमबहादुर बानिया | × |
| ३७० | मा० लक्ष्मीकुमारी चौधरी | × |

| | | |
|---|---|---|
| ३७ | मा० लक्ष्मीप्रसाद पोखरेल | |
| ३७ | मा० विक्रम खनाल | × |
| ३७ | मा० बिमलेन्द्र निधि | × |
| ३७ | मा० बेदमाया भण्डारी (शाक्य) | |
| ३७ | मा० शारदाकुमारी विश्वकर्मा | × |
| ३७ | मा० शिवकुमार मण्डल केवट | × |
| ३७ | मा० शिवचन्द्र चौधरी | × |
| ३७ | मा० सीता नेपाली | × |
| ३७ | मा० सुधिरकुमार सिवाकोटी | × |
| ३८ | मा० सुमित्रा थरुनी | × |
| ३८ | मा० सुरेन्द्रप्रसाद यादव | × |
| ३८ | मा० ज्ञानेन्द्रबहादुर कार्की | × |

| क्र.स. | पदेन सदस्यहरु | उपस्थिति |
|---|---|---|
| ५९ | सम्माननीय के.पी. शर्मा वली, प्रधानमन्त्री | × |
| ६० | माननीय टोपबहादुर रायमाझी, उपप्रधानमन्त्री तथा ऊर्जा मन्त्री | × |
| ६१. | माननीय हरिवोलप्रसाद गजुरेल, कृषि विकास मन्त्री | × |
| ६२ | माननीय उमेश यादव, सिँचाई मन्त्री | × |
| ६३. | माननीय रामकुमार सुब्बा, भूमिसुधार तथा व्यवस्था मन्त्री | |
| ६४ | माननीय शान्ता मानवी, पशुपंक्षी विकास मन्त्री | × |
| ६५ | माननीय बिक्रमबहादुर थापा, भूमुधार तथा व्यवस्था राज्यमन्त्री | |

| | | |
|---|---|---|
| ६६ | माननीय नरदेवी पुन मगर, पशुपंक्षी विकास राज्यमन्त्री | × |
| ६७ | माननीय दिनेश श्रेष्ठ, भूमुधार तथा व्यवस्था सहायकमन्त्री | × |
| | आमन्त्रित | |
| ९२ | मोहनकृष्ण सापकोटा सचिव भूमिसुधार तथा व्यवस्था मन्त्रालय | |
| ९३ | सुरेशमान श्रेष्ठ सचिव राष्ट्रिय योजना आयोग | |
| ९४ | पुरुषोत्तम सुवेदी उपसचिव भु.सु. मन्त्रालय | |
| ९५ | नागेन्द्र झा सहसचिव भु.सु. मन्त्रालय | |
| ९६ | टिकाराम घिमिरे सहसचिव भु.सु. मन्त्रालय | |
| ९७ | कृष्णराज जि.सि. महानिर्देशक नापी विभाग | |
| ९८ | सुरेशमान श्रेष्ठ उपमहानिर्देशक नापी विभाग | |
